# पाँचखाल नगरपालिका

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ३ | जेठ १७, २०७६ साल | संख्या १ |

भाग–२

पाँचखाल नगरपालिका


## पाँचखाल नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७६

प्रस्तावनाः सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास र स्थानीय स्तरमा सुशासन प्रबर्द्धन गर्ने, स्थानीय श्रोत, साधन र जनशक्तिको उपयोग गरी जीवनस्तर उकास्ने साथै आफ्नो ठाउँको समस्याहरुको समाधान आफैँ गर्न सक्ने सक्षम नागरिक बनाउने अभिप्रायले नगरपालिका क्षेत्रभित्रका वस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी टोल विकास संस्था गठन गर्न आवश्यक देखिएकाले स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिएका टोल विकास संस्था दर्ता र सूचीकृत गर्न, सो संस्थाको कामलाई व्यवस्थित गर्न साथै नगरपालिकाले सञ्चालन गरेका विकास निर्माणका काम तथा सेवा प्रवाहमा थप सहयोग पुगोस् र सेवाग्राहीले सहज सेवा प्राप्त गरी सुशासनको अनुभूति गरुन् भन्ने उद्देश्यले पाँचखाल नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम पाँचखाल नगरपालिकाको 'टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७६' रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,**

(क) 'टोल विकास संस्था' भन्नाले कुनै निश्चित टोल समुदायको घरधुरीहरुलाई समेटेर गठन गरिएको संस्थालाई सम्झनुपर्छ।

(ख) 'संस्था' भन्नाले यस कार्यविधि अन्तर्गत दर्ता/सूचीकृत भएका टोल विकास संस्थालाई जनाउँदछ।

(ग) 'कार्यसमिति' भन्नाले टोल विकास संस्थाको कार्य समितिलाई जनाउँछ।

(घ) 'सभा' भन्नाले टोल विकास संस्थाका प्रत्येक घरधुरीबाट प्रतिनिधीत्व गर्ने साधारण सदस्यसहितको वार्षिक भेलालाई जनाउँदछ सो शब्दले विशेष साधारण सभा र टोल भेला समेतलाई जनाउनेछ।

(ङ) 'नगरपालिका' भन्नाले पाँचखाल नगरपालिकालाई सम्झनुपर्छ।

(च) 'कार्यविधि' भन्नाले 'टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७६' सम्झनुपर्छ।

(छ) 'अध्यक्ष' भन्नाले संस्थाको अध्यक्षलाई सम्झनुपर्छ।

(ज) 'उपाध्यक्ष' भन्नाले संस्थाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(झ) 'सचिव' भन्नाले संस्थाको सचिवलाई सम्झनुपर्छ।

(ञ) 'कोषाध्यक्ष' भन्नाले संस्थाको कोषाध्यक्षलाई सम्झनुपर्दछ।

(ट) 'सदस्य' भन्नाले संस्थाको सदस्यलाई सम्झनुपर्दछ र सो शब्दले टोल क्षेत्रभित्र बसोबास गर्ने घरमूली वा घरको प्रतिनिधित्व गरी टोल विकास संस्थामा आवद्ध हुने सम्पूर्ण घरधुरीलाई समेत सम्झनुपर्दछ।

(ठ) 'पदाधिकारी' भन्नाले संस्थाको कार्यसमितिका सबै सदस्यहरुलाई सम्झनुपर्दछ।

**३. टोल विकास संस्था गठन गरिने आधार र सिमानाः**

(क) नगरपालिका क्षेत्र भित्रको विभिन्न टोलहरुमा सबै घर परिवार समेटिने गरी टोल विकास संस्था गठन गरिनेछ। संस्थाको कार्यक्षेत्र र सिमाना नगरपालिकाले तोके अनुसार हुनेछ।

(ख) संस्थाको क्षेत्रफल ठूलो वा धेरै घर संख्या भएमा भूगोल, धर्म, संस्कृति आदिलाई आधार मानी एक वा एक भन्दा बढी टोल विकास संस्था गठन गर्न सकिनेछ।

(ग) नगरपालिकाले आवश्यक ठानेमा कुनै पनि वडाको कुनै पनि क्षेत्रमा विशेष टोल विकास संस्था गठन गर्न सक्नेछ।

**४. टोल विकास संस्थाको कार्यक्षेत्रः टोल विकास संस्थाको कार्यक्षेत्र निम्नानुसार हुनेछः**

**क) भौतिक पूर्वाधार विकास कार्यः**

(१) सडक तथा ढल प्रणालीलाई व्यवस्थित गर्ने;

(२) सडक तथा गल्ली बाटोहरुको सुधार कार्यहरु गर्ने;

(३) चर्पी फोहोरमैला व्यवस्थापन प्रणाली सुधार कार्य गर्ने;

(४) खानेपानी तथा सरसफाई प्रणालीको विस्तार र स्तर उन्नतिको कार्य गर्ने;

(५) सामुदायिक भवन लगायतका आधारभूत भौतिक पूर्वाधार विकास कार्य गर्ने;

(६) टोलको भौतिक पूर्वाधारका विकास निर्माण कार्यमा सक्रियताका साथ एकजुट हुने;

(७) नगरपालिकाको भौतिक पूर्वाधार सम्बन्धी नीति, कार्यक्रम र योजनाहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने;

(८) टोलमा विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने ।

**ख) आर्थिक कार्यः**

(१) टोल तथा वस्तीहरुमा विभिन्न निकायबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँच अभिवृद्धि गर्ने;

(२) टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने;

(३) टोलको लागि नगरस्तरीय तथा वडा स्तरीय योजना छनौट प्रक्रियामा टोलबासीहरुलाई सहभागी गराउने;

(४) टोलका सदस्यहरुमा गरिवीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने;

(५) टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्वारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट संचालन हुने विकास कार्यमा सहयोग गर्ने;

(६) टोलमा रहेका विपन्नहरुको पहिचान गरी उनीहरुलाई स्वरोजगार र आयमूलक तालिम प्रदान गर्ने ।

ग) **सामाजिक कार्य**

(१) स्वास्थ्य तथा वातावरणीय सरसफाई लगायत अन्य विषयमा जनचेतना अभिवृद्धि गर्ने;

(२) लैङ्गीक समानता र सामाजिक समावेशीकरणमा जोड दिने;

(३) टोलमा रहेका विकृतिहरुको पहिचान गर्ने र सोको उन्मूलनका लागि कार्यक्रमहरु सञ्चालन गर्ने;

(४) टोलको विपन्न तथा अवसरहरुबाट वञ्चित टोलबासीहरुको क्षमता अभिवृद्धि गर्ने ।

(५) नगरपालिकाको सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

(६) टोलमा समानता, समता, सद्भाव, समझदारी, समन्वय र मेलमिलापको माध्यमबाट शान्ति कायम गराउने;

(७) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने;

(८) समाजमा विद्यमान परम्परागत, सामाजिक संस्कार र कुरीतिहरुको पहिचान गरी त्यस्ता क्रियाकलापको नियमन र नियन्त्रण गर्ने र त्यस सम्बन्धमा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने;

**घ) अन्य विविध कार्यः**

(१) टोल स्तरमा शिक्षा, स्वास्थ्य र पर्यटनका कार्यक्रमहरु सञ्चालन गर्ने;

(२) आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने;

(३) टोलमा जनसुकै प्रकारका भेदभावको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा समान अधिकार प्रदान गर्ने;

(४) टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा वडा कार्यालयलाई सहयोग गर्ने;

(५) नगरपालिकाको राजस्व परिचालनका लागि सहयोग गर्ने;

(६) सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने;

(७) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने;

(८) टोलको आर्थिक तथा सामाजिक तथ्यांक अद्यावधि गर्न सूचना अभिलेख राख्ने;

(९) सहभागीतात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने;

(१०) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने;

(११) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्थामार्फत सञ्चालन हुने वातावरण सृजना गर्ने;

(१२) आफ्नो वडा तथा टोललाई बाल मैत्री तथा वातावरण मैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने;

(१३) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने;

(१४) संस्थामा प्राप्त रकम संस्थाको नीति बमोजिम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने;

(१५) नगरपालिका र वडा कार्यालयसँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने।

**५. टोल विकास संस्था गठन गर्ने विधिः**

संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई वडा समितिको सिफारिस र रोहवरमा नगरपालिकामा टोल विकास संस्था दर्ता/सूचीकृत निम्नानुसार गरिनेछः

(१) नगरपालिका क्षेत्रभित्रका वस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घर परिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ

(२) पहिलो पटकको लागि व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ। तर दोश्रो पटक र त्यसपछिको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ।

(३) कार्य समितिको अवधि २ वर्षको हुनेछ। एक पटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति पुनः सोही पदमा लगत्तै २ वर्षको अवधि पूरा नभई नियुक्त हुने छैन।

(४) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घरधुरी बराबर एक सदस्यको रुपमा समेट्नुपर्नेछ। सम्पूर्ण घरधुरी समेट्न सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई गठन गर्न सकिनेछ।

(५) लैङ्गीक समानता र सामाजिक समावेशीकरणमा जोड दिई महिला, दलित, अपाङ्ग, अल्पसंख्यक, विपन्न, एकल महिला आदिको सहभागीता हुने गरी कार्यसमिति गठन गर्नुपर्नेछ।

(६) कार्यसमितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये एक जना महिला अनिवार्य हुनुपर्नेछ साथै कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला सहभागी हुनुपर्नेछ।

(७) टोल विकास संस्थाको कार्यसमितिको पदाधिकारीहरुको संख्या:

क) अध्यक्ष १

ख) उपाध्यक्ष १

ग) सचिव १

घ) कोषाध्यक्ष १

ङ) सदस्य आवश्यकता अनुसार ७ देखि बढीमा ११ जनासम्म

**६. दर्ता / सूचीकृत:**

टोल विकास संस्थाको दर्ता /सूचीकृत देहाय बमोजिम हुनेछः

१) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई पाँचखाल नगरपालिकामा दर्ता वा सूचीकृतका लागि अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ। निवेदन साथ उक्त टोल विकास संस्थामा आवद्ध सदस्यहरुको नामावली समेत पेश गर्नुपर्नेछ।

२) प्रकरण नं. १ अनुसार निवेदन प्राप्त भएपछि नगरपालिकाले टोल विकास संस्था दर्ता / सूचीकृत गरी अनुसूची - २ को बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

३) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानून विपरीतका काम गर्न खोजेमा कानून बमोजिम नगरपालिकाले त्यस्ता टोल विकास संस्था खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन गर्न सकिनेछ।

**७. टोल विकास संस्थाको कार्यसमिति बैठक:**

संस्थाको कार्यसमितिको बैठक देहाय बमोजिम हुनेछः

१) टोल विकास संस्थाका सदस्यहरुको हित एवं समन्वयका लागि कार्यसमितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ;

२) बैठकमा आवश्यकता अनुसार नगरपालिका र वडाका प्रतिनीधिहरु तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ;

३) सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनुपर्नेछ;

४) बैठकबाट कुनै निर्णय गर्दा सकेसम्म सर्वसम्मत गर्नुपर्दछ;

**८. संस्थाको पदाधिकारीहरुको काम कर्तव्य र अधिकार**

संस्थाको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**क) संस्थाको अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) संस्थाको नियमित बैठक बोलाउने बैठकको मिति समय र स्थान तोक्ने ;

(२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने;

(३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने;

(४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने;

(५) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने;

(६) संस्थाले आर्जन गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ;

(७) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने;

(८) निर्णयहरु लागू गर्ने र गर्न लगाउने;

(९) आवश्यक कार्यमा संस्थाको प्रतिनीधित्व गर्ने वा गराउने;

(१०) कार्यविधि बमोजिम टोल विकास संस्थाले गर्नुपर्ने अन्य कार्यहरु गर्ने

**ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार**

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने;

(२) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने;

(३) एक तिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने;

(४) संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने;

(५) बैठक पुस्तिकामा उपस्थिति गराउने;

(६) तोकिएको अन्य कार्यहरु गर्ने ।

**ग) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) संस्थाको आम्दानी र खर्चको विवरण राख्ने;

(२) संस्थाले गरेको आर्थिक कारोवारको लेखा परीक्षण गराउने;

(३) बैंङ्कमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने;

(४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षण गर्ने ।

**घ) संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार**

(१) नगरपालिका वा वडा कार्यालयसँग भएको साझेदारीपत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने;

(२) संस्थाको हिसाब किताब जाँच गर्ने;

(३) संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्यांकन नियमित रुपमा गर्ने;

(४) संस्था संचालनका लागि आवश्यकता अनुसार निति, नियम र योजनाहरु बनाई लागू गर्ने;

(५) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सहयोग गर्ने;

(६) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने;

(७) तोकिएका अन्य कार्यहरु गर्ने ।

**९. साधारण सभाको गठन र कार्य प्रणालीः**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछः

(१) संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।

(२) संस्थाको साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्ष र निज पनि अनुपस्थित भएमा संस्थाको जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

(३) साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

(४) टोल भेला वा साधारण सभा वा विशेष साधारण सभा संचालन गर्दा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई उपस्थतिमा प्रमाणित भएको हुनुपर्नेछ ।

**१०. साधारण सभाको काम, कर्तव्य र अधिकारः** साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) साधारण सभाको सल्लाह प्राप्त गर्न पेश भएका विषयमा उचित सल्लाह दिने;

(२) लेखा परीक्षक नियुक्त गर्ने;

(३) संस्थाको लेखा परीक्षण प्रतिवेदन पारित गर्ने;

(४) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने;

(५) कार्य समिति सम्बन्धमा भएका उजुरी उपर पुनरावेदन सुन्ने र निर्णय दिने;

(६) संस्थाको विधान संशोधन गर्ने;

(७) आवश्यकता अनुसार सल्लाहकार मनोनयन गर्ने;

(८) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**११. आर्थिक व्यवस्थापनः**

(१) संस्थाको देहाय बमोजिम आर्थिक श्रोत हुनेछः

क) टोल सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क;

ख) सरकारी तथा विभिन्न गैर सरकारी संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान

ग) संस्थाले आयमुलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी;

घ) संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार;

ङ) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयअनुसार छुट्याउने रकम;

च) अन्य श्रोतबाट संस्थाले प्राप्त गर्ने रकम ।

(२) संस्थाको खर्च प्रणाली देहाय बमोजिम हुनेछः

क) संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रकम संस्थाको निर्णय अनुसार खर्च हुनेछ।

ख) संस्थाको संचालन, व्यवस्थापन र लेखा परीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति अनुसार खर्च हुनेछ।

(३) संस्थाको नाफा:

क) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ।

ख) नाफाको कम्तीमा २ प्रतिशत रकम टोलको पूर्वाधार र सामाजिक क्षेत्रको विकासका लागि खर्च गर्नुपर्नेछ।

(४) संस्थाको नाफा संस्थाको निर्णय अनुसार टोलको विकासको लागि खर्च गरिनेछ।

(५) संस्थाको नाममा प्राप्त वा खरिद गरिएको अचल सम्पत्तीको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ।

(३) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण गराई सो विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको कार्यसमितिको हुनेछ।

**१२. लेखा व्यवस्थापन र लेखा परीक्षण:**

(१) संस्थाको लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछः

क) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन तथा व्यवस्थापनमा भएको प्रशासनीक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ।

ख) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ।

(२) संस्थाको लेखा परीक्षण देहाय बमोजिम हुनेछः

क) संस्थाले नियुक्त गरेको लेखा परीक्षकबाट लेखा परीक्षण गर्नुपर्नेछ।

ख) संस्थाले आफ्नो वार्षिक लेखा परीक्षणको प्रतिवेदन नगरपालिकामा समेत पेश गर्नुपर्नेछ।

**१३. कार्यसमिति तथा पदाधिकारीको राजीनामा :**

(१) कार्यसमितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिनुपर्नेछ।

(२) अध्यक्षले आफ्नो राजीनामा सचिवमार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ।

**१४. कार्य समितिलाई अविश्वासको प्रस्ताव:**

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागेमा संस्थाको ६० प्रतिशत सदस्यहरुले कारण देखाई साधारण सभा वा विशेष साधारण सभामार्फत अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्।

तर अविश्वासको प्रस्ताव उपर हुने निर्णय बहुमतबाट भन्दा पनि सर्वसम्मतिबाट गर्न जोड दिइनेछ।

**१५. पुरस्कार, सम्मान र कदर**

टोल विकास संस्थाका व्यक्ति वा संस्थाहरु मध्ये समुदायको विकासमा उत्कृष्ट कार्य गर्नेलाई वडा समिति वा नगरपालिकाले सम्मान एवं पुरस्कृत गर्न सक्नेछ।

**१६. अनुगमन तथा मूल्यांकन**

क) वडा समितिले आफ्नो क्षेत्रभित्रका टोल विकास संस्थाको नियमित रुपमा अनुगमन गरी प्राप्त कमी कमजोरीहरुको सुधारका लागि सुझावहरु दिन सक्नेछ।

ख) नगरपालिकाले समग्र नगर क्षेत्र भित्रको टोल विकास संस्थाहरुको आवश्यकता अनुसार अनुगमन गर्नुका साथै वडा समिति वा टोल विकास संस्थाहरुलाई पृष्ठ पोषण गर्न सक्नेछ।

**१७. संशोधनः**

यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यकता अनुसार यसमा संशोधन वा खारेज गर्न सक्नेछ।

**१८. बचाउ र खारेजीः**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूची - १

कार्यविधिको बुँदा नं ६ (२) बमोजिम

संस्था सूचीकृत हुन निवेदनको नमूना

मितिः

……………………………..

श्री पाँचखाल नगर कार्यपालिकाको कार्यालय

काभ्रेपलाञ्चोक।

विषयः टोल विकास संस्था दर्ता \ सूचीकृत गर्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस पाँचखाल नगरपालिकाको संचालित वडा नं ……….. मा देहाय बमीजिमको चारकिल्ला भित्रको क्षेत्रमा बसोबास गर्ने हामी टोलबासीहरु मिति ………………………………… को भेलाले गठन गरेको ……………….. टोल विकास संस्थालाई यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता / सूचीकृत गरिदिनु हुनको निमित्त यस टोल विकास संस्थामा आवद्ध टोल सदस्यहरु र कार्य समितिका पदाधिकारीको नामावली सहित भेलाको निर्णयको प्रतिलिपी यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

पूर्व सिमाना ………………………..

पश्चिम सिमाना ………………………..

उत्तर सिमाना ………………………..

दक्षिण सिमाना ………………………..

| सिफारिस गर्ने | निवेदक |
|---|---|
| दस्तखत ……………………………<br><br>वडा कार्यालयको छाप ………………..<br><br>वडा अध्यक्षको नाम थर ……………………<br>………………………..<br><br>वडा कार्यालय, पाँचखाल ………… | दस्तखत ………………………..<br><br>अध्यक्ष ………………………..<br><br>नाम थर ………………………..<br><br>टोल विकास संस्थाको नामः ……………………….. |

अनुसूची - २

कार्यविधिको बुँदा नं ६ (२) बमोजिम

संस्था दर्ता / सूचीकृत भएको नमूना

पाँचखाल नगरपालिका

नगर कार्यपालिका कार्यालय

काभ्रेपलाञ्चोक, ३ नं प्रदेश

**प्रमाण-पत्र**

पाँचखाल नगरपालिका वडा नं …… स्थित ………………………… मा गठन भएको ……………… टोल विकास संस्थालाई नगर कार्यपालिकाको मिति ……………… को निर्णय अनुसार …………………… पाँचखाल नगरपालिकामा दर्ता सूचीकृत गरिएको व्यहोरा जानकारी गराइन्छ। पाँचखाल नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७५ को अधिनमा रही टोलको सञ्चालन र व्यवस्थापन गर्न समेत अनुरोध छ।

………………….

बोधार्थः

श्री …… नं. वडा कार्यालय

पाँचखाल, काभ्रे।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत
लोक बहादुर भण्डारी